# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं. ०७८/०७९

च.नं.

मितिः२०७९/०२/२७

## प्रेस विज्ञप्ति

### नक्कली परीक्षार्थीलाई कारबाही गर्ने सम्बन्धमा

आयोगको विज्ञापन नं. १२-१५/०७८-७९ प्रशासन/सा.प्र., लेखा सहायक चौथोको पदको मिति २०७९/०२/१९ गते सञ्चालित खुला प्रतियोगितात्मक लिखित परीक्षामा परीक्षार्थी अभय कुमार यादव ((ना.प्र.नं. १८-१-०३५/६३, महोत्तरी, रोल नं. १९४४, मास्टर आई.डी. ८५६०१) को नामबाट कास्कीकोट-३, कास्की स्थायी ठेगाना भएको भवानी प्रसाद बस्ताकोटीको छोरा वर्ष ४१ को दिपेन्द्र प्रसाद बस्ताकोटी परीक्षा दिइरहेको अवस्थामा नक्कली परीक्षार्थी पहिचान भई आयोगको प.सं. ०७८/७९, च.नं. ४३७ मिति २०७९/०२/१९ को पत्रबाट प्रहरी हिरासतमा रहेका निज नक्कली परीक्षार्थीलाई थप अनुसन्धान गरी हदै सम्मको कारबाही प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय, मकवानपुर, हेटौंडालाई अनुरोध गरिएको ।

परीक्षामा सम्मिलित हुनुपर्ने वास्तविक परीक्षार्थी अभय कुमार यादवले आफ्नो स्थानमा परीक्षा दिनका लागि आफ्नो प्रवेशपत्र तथा नागरिकताका नक्कली परीक्षार्थीलाई खटाई परीक्षाको अनुशासन तथा मर्यादा सम्बन्धमा आयोगले तोकेको सर्तको उल्लङ्घन गरी परीक्षाको मर्यादा तथा स्वच्छता विपरीतको कार्य गरेको हुनाले निजलाई प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ बमोजिम आगामी ५ वर्ष सम्मको लागि यस आयोगबाट हुने कुनै पनि विज्ञापन बमोजिम हुने परीक्षामा उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्ने र सोको सूचना आयोगको वेभसाइटमा प्रकाशित गरी लोक सेवा आयोग र बाँकी छ वटै प्रदेश लोक सेवा आयोगलाई जानकारी गराइएको ।

विषयको गम्भीरता तथा प्रस्तुत घटनाले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशलाई पार्न सक्ने असरको सम्बन्धमा आयोग संवेदनशील रहेको अवगत गराई निज नक्कली परीक्षार्थी दिपेन्द्र प्रसाद बस्ताकोटी उपर हदै सम्मको कारबाही गर्न गराउनको लागि जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकील कार्यालय, जिल्ला प्रशासन कार्यालय, मकवानपुर लगायत कसूरको अनुसन्धान गर्ने निकाय, मुद्दा हेर्ने निकाय, मुद्दा सुन्ने अधिकारी समेतलाई यस घटनालाई सूक्ष्म तथा उच्च महत्व दिई प्राथमिकताका साथ आवश्यक कारबाही अगाडि बढाउन लेखी पठाइएको ।

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, ई-मेलः info.ppsc@bagamati.gov.np

वेब साइटः ppsc.bagamati.gov.np

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं. ०७८/०७९

च.नं.

निज नक्कली परीक्षार्थीले आफू माध्यमिक तहको स्थायी शिक्षक रहेको कुरा सुनी जान्ने साक्षीहरूको उपस्थितमा व्यक्त गरेको साथै, विभिन्न सञ्चार माध्यमबाट निज दिपेन्द्र प्रसाद बस्ताकोटी कास्की जिल्ला, पोखरा महानगरपालिका – २४ स्थित कालिका मा.वि. को सहायक प्रधानाध्यापक तथा विज्ञान शिक्षक रहेको कुरा जानकारी हुन आएकोले निजलाई विभागीय सजाय गर्ने गराउने प्रयोजनको लागि शिक्षा विभाग तथा कास्की स्थित जिल्ला शिक्षा विकास समन्वय इकाईलाई समेत पत्राचार गरिएको ।

निज नक्कली परीक्षार्थीले शिक्षा ऐन, २०२८ को दफा १७ को उपदफा (१क) को खण्ड (ग), (ङ) तथा (च) सँग सम्बन्धित कसूर गरेको देखिन्छ । निजको साथबाट विभिन्न व्यक्तिहरूको सक्कल नागरिकता थान-४ (हिरा कुमारी ना.प्र.नं. २८३२३१८१, धनुषा, सुजित कुमार साह ना.प्र.नं. १८-१०५९/६२, महोत्तरी, विनोद कुमार महतो ना.प्र.नं. १७-०१-७२-०५७९०, धनुषा, अभय कुमार यादव (ना.प्र.नं. १८-१-०३५/६३, महोत्तरी) एवं विभिन्न परीक्षार्थीहरूको प्रवेश पत्र समेत बरामद भएबाट सङ्गठित अपराध समेत भएको हुन सक्ने आशङ्का रहेको साथै निज सामुदायिक विद्यालयमा कार्यरत सार्वजनिक पदधारण गरेको शिक्षक समेत भएको बुझिन आएकाले सो आधारमा आकर्षित हुने भ्रष्टाचार निवारण ऐन, २०५९ लगायतका कानूनी व्यवस्था बमोजिम मुद्दा चल्न उपयुक्त हुने आयोगको दृष्टिकोण रहेको व्यहोरा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय, मकवानपुरको ध्यानाकर्षण गराइएको । साथै यस विषयमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पनि अवगतार्थ पत्राचार गरिएको ।

नक्कली परीक्षार्थीको साथबाट बरामद भएको लोक सेवा आयोग एवं अन्य प्रदेश लोक सेवा आयोगका विभिन्न परीक्षाका प्रवेश पत्रका विषयमा लोक सेवा आयोग तथा सम्बन्धित प्रदेश लोक सेवा आयोगलाई जानकारीका लागि लेखी पठाई निजहरूको योजना र हुन सक्ने अपराधबारे ध्यान आकृष्ट गराइएको ।

रामकृष्ण अधिकारी

सचिव

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, ई-मेलः info.ppsc@bagamati.gov.np
वेब साइटः ppsc.bagamati.gov.np